कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

आ.व. २०७७/०७८
च.नं. ९६०

बागमती प्रदेश, नेपाल।

"सबल निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"

मितिः २०७८।०३।१७

विषयः भुक्तानी सम्बन्धमा।

श्री सरोकारवाल सबै ।

उपरोक्त विषयका सम्बन्धमा यस गाउँपालिकाको च.नं. ९४६, मितिः २०७८।०३।०४ गतेको पत्रानुसार यस गाउँपालिकाको कार्यालयबाट भुक्तानी लिनुपर्ने सम्पुर्ण सरोकारवाला व्यक्ति, फर्म, सप्लायर्स, परामर्शदाता, उपभोक्ता समित तथा निर्माण व्यावसायीहरुले मितिः २०७८।०३।२३ गते कार्यालय समयभित्र भुक्तानी लिई सक्नुपर्ने र सो समय भन्दा पछि भुक्तानीको लागी पेश हुने कागजात उपर कुनै कामकारवाही नहुने व्यहोराको जानकारी गराईसकेको स्मरण गराउँदै कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको च.नं. ४५७, मितिः २०७८।०३।१४ गतेको आ.व. २०७७।७८ को खाताबन्दी सम्बन्धी पत्रानुसार आ.व. २०७७।७८ को चालु खर्च तर्फ मितिः २०७८।०३।२० गते सम्म र पुँजिगत खर्च तर्फ मितिः २०७८।०३।२४ गते सम्म भुक्तानी दिई खर्चको लेखा अध्यावधिक गरी खाताबन्दी गर्ने र जारी भएका चेकहरु मितिः २०७८।०३।३० गते सम्म सटही गरिसक्नुहुन् भनी पत्र प्राप्त भएको र महालेखा नियन्त्रक कार्यालयको च.नं. ३६६, मितिः २०७८।०३।१७ गतेको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धी पत्रले पनि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १, २ र ७ ले आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि भुक्तानी निकासा बन्द गर्ने भनी पत्र प्राप्त भएको सन्दर्भमा सम्पुर्ण सरोकारवाला व्यक्ति, फर्म, सप्लायर्स, परामर्शदाता, उपभोक्ता समिति तथा निर्माण व्यावसायीहरुलाई समयमै भुक्तानी लिनुहुन् अनुरोध छ । साथै महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको पत्र यसै साथ संलग्न रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

..........................
(विकाश शर्मा रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः गाउँपालिकाको Website मा upload गर्नुहुन् र सबै वडा कार्यालयलाई Email गर्नुहुन्।

श्री विषयगत शाखा सबैः माथि उल्लेखित समयावधिभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनुहुन् ।



Scanned with CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
ललितपुर

प.सं. २०७७/७८
च.नं. ४५६

श्री जिल्लामा रहेका कार्यालयहरु सबै(संघ,प्रदेश,स्थानीय तह)
ललितपुर ।

मितिः २०७८।०३।१४

विषयः <u>आ.व २०७७।७८ को खाताबन्दी सम्बन्धमा ।</u>

उपरोक्त विषयमा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७, को नियम ३० को उप नियम १ अनुसार कार्यालयले फ्रिज नहुने रकम बाहेक आर्थिक वर्ष समाप्त हुन भन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नु पर्ने र नियम ३० को उप नियम २ मा उप नियम १ को अवधि समाप्त भएपछि कार्यक्रम संशोधन भै थप बजेट प्राप्त भएमा, खर्चको श्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च प्रमाणित गर्ने विल,भर्पाई र बजेट थप भएको प्रमाण र अन्य कागजात सहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सक्ने र त्यसरी भुक्तानी निकासा माग भै आएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त विल,भर्पाई तथा कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्ने व्यवस्था रहेको सन्दर्भमा आर्थिक वर्ष २०७७।७८ को चालु खर्च तर्फ मिति २०७८।०३।२० सम्म र पुँजिगत खर्च तर्फ मिति २०७८।०३।२४ सम्म भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी खाताबन्दी गर्नु हुन अनुरोध गर्दछु। साथै जारी भएका चेकहरु मिति २०७८।०३।३० सम्म सटही गर्नु हुन समेत अनुरोध गर्दछु ।

(मुन कुमार के सी)
प्रमुख कोष नियन्त्रक

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७७/०७८
च.न. : ३६६

मिति : २०७८/०३/१७

विषय : भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा ईकाई कार्यालय, सबै

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको पत्र संख्या २०७७।७८ चन ८८२ मिति २०७८।०३।१५ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि भुक्तानी निकासा बन्द गर्ने र अत्यावश्यक देखिएमा प्रमाणका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था गरेकोमा प्रदेश र स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (७) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा त्यस पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था नगरेकोले सो सम्बन्धमा प्रदेश र स्थानीय सरकारको हकमा नीतिगत निर्णय हुन महालेखा नियन्त्रक कार्यालयबाट अर्थ मन्त्रालयमा पेश भएकोमा उल्लेखित नियमावलीको नियम ३०(२) को व्यवस्था प्रदेश तथा स्थानीय सरकारको हकमा लागु नहुने र यस विषयमा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावलीको प्रतिकुल नहुने गरी कानुन तर्जुमा गर्ने सक्ने मिति २०७८।०३।१५ को माननीय उपप्रधान तथा अर्थ मन्त्रिस्तरीय निर्णय भई आएको हुँदा सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु गराउनु हुन अनुरोध छ।

.....................
डिल्ली अधिकारी
लेखा अधिकृत

**बोधार्थ**

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं

टेलिफोन नं. :- ०१ ४७७१२९०, ४७७०८९५, ४७७०३८६ (ext - २१९), फ्याक्स :- ०१ ४७७१२९१,
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np

Scanned with CamScanner